# खवारिज र तिनका प्रसिद्ध गुट र कथन एवं धारणाहरू

## الخوارج وأشهر فرقهم ومقالاتهم

< नेपाली >

लेखकः

डा. मुहम्मद बिन इब्राहीम अल् हम्द

د/ محمد بن إبراهيم الحمد

अनुवादकः

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

عتيق الرحمن محمد إدريس خان مكي

بسم الله الرحمن الرحيم

सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

पुस्तक पाइने ठेगाना -:

□इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. ००९६६५०१३७२२५४
□इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुन् । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिकामा लेखक ज्यूले खवारिजको बारेमा संक्षेपमा महत्वपूर्ण कुराहरू वर्णन गरेका छन्, जसलाई मैले नेपाली भाषामा अनुवाद गरेको छु यस उद्देश्यको साथ कि यसले नेपाली भाषा भाषी जान्ने हाम्रा दाजुभाइ र दिदी बहिनीहरूलाई लाभ पुऱ्याउने छ ।

मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक कार्यहरू र उपद्रव र विद्रोहबाट पवित्र गरी इस्लामीय तरिकामा जीवन व्यतीत गर्ने सौभाग्य प्रदान गर्नेछ। अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**अनुवादक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन्, र अल्लाहको प्रशान्ति अवतरित होस् अल्लाहका सन्देष्टा हाम्रा प्रियतम नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र उनी सबैहरूमाथि जुन उनीहरूसित प्रेम गर्दछन् ।

तत्पश्चात: खवारिज अति प्रसिद्ध र प्राचीन ग्रुप हो, र यस ग्रुपको बारेमा दृष्टिकोणहरू विभिन्न र विस्तृत छन्, र यस ग्रुपको बारेमा जति चाहे कुरा गर्न सकिन्छ, यसर्थ गुटहरूको बारेमा वर्णन र स्पष्टिकरण गर्ने पुस्तकहरूमा यिनीहरूको विस्तृत जानकारी गराइएको छ । तर यहाँ हामी ती सबैको सार संक्षेपमा प्रस्तुत गरिरहेका छौं जुन निम्न हुन्:

**पहिलो: खवारिज र (खुरूज) निष्कासित हुनुको अर्थ:** यसभित्र खवारिज र खुरूजको शाब्दिक र पारिभाषिक अर्थको वर्णन छ, र खवारिजको इतिहास र उत्पातको वर्णन पनि संक्षेपमा गरिएको छ ।

**दोस्रो: खवारिजका प्रसिद्ध गुट र धारणाहरूको वर्णन :** यसभित्र ती गुटहरूको परिभाषा र त्यसका कथन एवं धारणाहरूको वर्णन छ ।

**तेस्रो: खवारिजका ती कथनहरू जसमा सबै खवारिजको एकमत छ:** यसभित्र पनि तिनीहरूका प्रख्यात दृष्टिकोणहरूको वर्णन छ, जस मध्ये उनीहरूको यो धारणा कि पापी मुसलमान काफिर भयो, र इमामतको बारेमा उनीहरूको कथन, र सहाबा (रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू) को बारेमा उनीहरूको दृष्टिकोण पनि वर्णित छ ।

## पहिलो
## खवारिज र खुरूजको बारेमा प्राथमिक र सामान्य ज्ञान

१- खवारिजको शाब्दिक अर्थ: खवारिज खारिजको बहुबचन हो, जसको मूल शब्द खुरूज हो, र खुरूज शाब्दिक तौरले क्रिया खरजा यखरुजो खारिजको मसदर (मूल रचना शब्द) हो । र यसको अर्थ हो जाहेर हुनु, र कुनै पनि विचारसित असहमत हुनु त्यसको विरोध गर्नु .... आदि । ( हेर्नुस्: मुअ्जम मकाईसुल् लुगह लेइब्नुल् फारिस २/१७५ )

२- खोरूजको पारिभाषिक अर्थ : धार्मिक कुराहरूमा हाकिमको विरुद्ध जानु, र मुसलमानहरूको समूहबाट बाहिर निस्कनु, र मुसलमानहरूको धन सम्पत्ति र रगतलाई ग्राह्य ठान्नु, र उनीहरूलाई यस्ता पापहरूलाई गरेमा काफिर (नास्तिक) मान्नु जुन कुफ्र र बहुदेववादको सीमासम्म पुग्दैन । ( हेर्नुस्: शरहुस्सुन्नह लिल् बरबहारी पे. ७०, र शरीअ: लिल् अजरी १/३२५ )

३- र खवारिज प्रसिद्ध ग्रुपहरू मध्ये एक हो, र समस्त ग्रुपहरूको मूल स्रोत हो, र यसको अविष्कृत दूतत्वको कालमा नै भएको थियो जब जुल खुवैसरहले रसूल सल्लल्लाहो अलैहे वसल्लममाथि टिप्पणी गरेको थियो र नबी सल्लल्लाहो अलैहे वसल्लमसित यो भनेको थियो कि “निसाफ गर” । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यससित भनेका थिए: तिम्रो लागि विनाश होस् यदि मैले निसाफ गरेन भने को निसाफ गर्छ ? म घाटामा पर्नेछु यदि मैले निसाफ गरेन । ( हेर्नुस्: सहीह बुखारी हदीस नं. ४३५१, र सहीह मुस्लिम हदीस नं. १०६४, र नेसाई हदीस नं. २५७८, र अबू दाऊद हदीस नं. ४७६४ )

र यो जुल खुवैसरह नै हरकूस बिन जुहैर अस्सअदी हो, र केहीको भनाई अनुसार यसको नाम जुस्सदैया हो जसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत अलीलाई खबर दिएका थिए कि यो खवारिजको सेनामा हुनेछ ।

जस्तोकि जुल् खुवैसरह ती मान्छेहरूको नायक मध्येको थियो जिनले यो उपद्रव मचाए र हजरत उसमान रजिअल्लाहो अन्होको विरुद्ध षडयन्त्रमा शामेल भए, र यो नै त्यो व्यक्ति हो जसले हजरत अलीलाई भनेको थियो कि “आफ्नो त्रुटिबाट तौबा (प्रयाश्चित) गर” । ( हेर्नुस्: तलबीसे इब्लीस लेइब्नुल जौजीयह पे. नं. ९०, र फतहुल् बारी लेइब्ने हज्र २/२९२, र देरासतु अनिल् फेरक फि तारीखिल् मुसलेमीन वल् खवारिज वश्शीअह लेखक: डा. अहमद जली पे. ३८-४१ )

४- जुल खुवैसरहको खवारिजसित संलग्ता थियो तै पनि खवारिज सामूहिक तौरले तहकीम ( कुरआनलाई निर्णायक मान्ने प्रतिबद्धता ) पश्चात नै जाहेर भए, र मुसलमान समूहलाई छाडेर हरूरह स्थानमा बसोबास अख्तियार गरे ।

५- यसै समयदेखि खवारिज ती मान्छेहरूलाई मानियो जुन तहकीम पछि पनि हजरत अलीको विरोध गरे र सिफ्फिन युद्ध पश्चात उहाँको अगुवाईलाई त्यागेर अलग भए, किनकि यिनीहरूले सुलह र सन्धिको करारलाई यस्तो त्रुटि ठाने जुन नास्तिकता सम्म पुऱ्याउनेवाला हो, र यसै कारण हजरत अलीबाट यो आग्रह गरे कि उनी यस त्रुटिबाट तौबा गरुन्, र यसरी उनीहरू हजरत अलीको सेनाको विश्रामालयबाट निस्के र होरूरातर्फ प्रस्थान गरे, र युद्ध गर्नुको लागि शेस बिन रब्ई अत्तमीमीलाई आफ्नो कमाण्डर नियुक्त गरे, र अब्दुल्लाह बिन अल्कवाअ् अल् यशकरीलाई नमाजको नायक नियुक्त गरे ।

६- खवारिजहरूले आफ्नो लागि यसै नामलाई कबूल गरे तर निष्कासित हुनुलाई आफ्नो घरदेखि अल्लाहको मार्गमा निस्कनुमा मात्र सीमित गरे, अल्लाहको यस कथन अनुसार:

﴿ وَمَن يَخْرُجْ مِنۢ بَيْتِهِۦ مُهَاجِرًا إِلَى ٱللَّهِ وَرَسُولِهِۦ ثُمَّ يُدْرِكْهُ ٱلْمَوْتُ فَقَدْ وَقَعَ أَجْرُهُۥ عَلَى ٱللَّهِ ﴾ النساء: ١٠٠

अर्थ : र जो मानिस आफ्नो घर छाडि अल्लाह र त्यसको रसूलको मार्गमा लाग्नेछ, यदि उसको मृत्यु प्रवासमा हुन्छ भने त्यसको पुरस्कार पनि अल्लाह छेउ निश्चित भइहाल्यो । ( सूरतुन्निसा १०० )

७- हजरत अलीको शासनकालमा नै खवारिजको धारणा र पद्धति नवीकरण र दिक्षित भयो र यिनीहरूको समस्या गम्भीर भयो र यिनीहरूको हानि र खतरा उम्मतमाथि अति बढी भयो, र उनीहरूको शक्ति यति विशाल भयो कि उनीहरू मुस्लिम समूहबाट अलग भए, र मुसलमानहरूको वधलाई जायज ठहर गरे ।

बरु उनीहरू जस्तोकि शैखुल इस्लाम इब्ने तैमियाको भनाई छ कि यिनीहरू नै ती प्रथम मानिसहरू हुन् जसले मुसलमानको रगतलाई हलाल गरे, र मुसलमानहरूलाई पापको कारण काफिर भने । ( हेर्नुस: ईमानुल् अवसत लेइब्ने तैमिया पे. ३२४ )

८- यिनीहरूको बारेमा सही हदीसहरू वर्णित छन् जुन यिनीहरूका विशेषताहरूलाई वर्णन गर्छन् र यिनीहरूको कुकर्मबाट सावधान गर्छन् र यिनीहरूसित युद्ध गर्नुतर्फ प्रोत्साहित गर्छन् । ( हेर्नुस: सहीह बुखारी हदीस नं. ३३४४, र ३६१०, र ३६११, र सहीह मुस्लिम हदीस नं. १४३, १५३, र १५८, १६०, र हेर्नुस: तारीखुत्तबरी ५/७२, र हेर्नुस: अल् ईमानुल् अवसत पे.३१४-३१६, र देरासतु अनिल फेरक फि तारीखिल मुसलेमीन पे. ४०-४१ )

## दोस्रो खवारिजका ग्रुपहरू

९- **अस्सफरीयह** : र यिनीहरूले आफ्नो नामाकरण यस नामले यसकारण गरे किनकि उनीहरू जियाद असफरका अनुशरणकारी थिए वा नोअ्मान बिन असफरका अनुयायी थिए, वा अब्दुल्लाह बिन सफ्फारका अनुयायी थिए, अथवा यस कारण कि जुन उनीहरूको अनुहारमा पूजा आराधना गर्नुको कारणले पहेलो रंग थियो त्यसै कारण । र यिनीहरू सिद्धान्तमा अजारकाभन्दा निकट छन् ।

सकसकी रहेमहुल्लाहको भनाई छ कि मात्र जियादले र यसको समूहले यो भन्थे कि समस्त सुकर्म र कुकर्म शिर्क र कुफ्र हुन् ती बाहेक जुन उनीहरूको पाखण्ड बमोजिम क्षमा नगरियोस् । ( अल् बुरहान पे. नं. २४,२५ )

१०- **अश्शुबैबीयह :** शबीब बिन यजीदका अनुशरणकारीहरू ।

११- **अल् बैहसीयह** : इब्ने बैहस अल् हैसम बिन आमिरका अनुयायीहरू, जुनकि उनीहरूको धर्मगुरु र उनीहरूका पुस्तकहरूको लेखक र रचयता हो, र यो व्यक्ति र यसको ग्रुपको कथन छ कि जसले पनि ठूलो पाप गऱ्यो जसमाथि दण्ड निर्धारित छ र त्यसको दोषलाई हाकिम समक्ष राखियो अनि हाकिमले त्यसमाथि (हद) दण्ड कायम गऱ्यो भने त्यस पापीमाथि कुफ्रको हुकुम लागू भयो चाहे त्यसले आफ्नो पापबाट प्रयाश्चित किन नगरोस् । र यो कथन अरु समस्त खवारिजहरूको धारणाहरू विरुद्ध छ र असत्य पनि । र यस्तै यिनीहरूको विचारमा मुसलमान तबसम्म मुसलमान हुनसक्दैन जबसम्म त्यो

अल्लाहले गरेको हलाल र हरामको पूर्ण ज्ञानी नहोस्, र त्यसको व्याख्यालाई नबूझोस् । र यदि मुसलमान यस्तो छैन भने यिनीहरूको दृष्टिमा त्यो काफिर नास्तिक नै हो । ( अल् बुरहान पे.२३ )

१२- **अल् अजारदह :** अब्दुल करीम बिन अजरदका अनुयायीहरू, र यस व्यक्तिको नाम अब्दुल्लाह बिन अमर पनि भनिएको छ, र यसको बारेमा इमाम सकसकी रहेमहुल्लाहले भन्नु भएको छ कि: यो व्यक्ति यिनीहरूको गुरु र यिनीहरूको किताबहरूको रचयता पनि थियो, र यो व्यक्ति र यसको समूह यस कथनमा एकलै भए कि अल्लाहले जब पनि कुनै सन्देष्टालाई पठायो भने त्यस समयका पूर्वदेखि पश्चिमसम्म बस्नेहरूमाथि त्यस सन्देष्टाको अनुशरण अनिवार्य छ, र त्यसमाथि आस्था राख्नु र त्यसको विधानको पूर्ण ज्ञान जरुरी भयो यद्यपि उनीसम्म त्यस सन्देष्टाको सन्देश नपुगेको होस्, त जुन व्यक्ति पनि यस्तो नगरिकन् मर्‍यो त्यो काफिर भएर मर्‍यो ।

र यिनीहरूको यो पनि कथन छ कि: अल्लाहले छोरी, दिदीबहिनी, भाइको छोरी, दिदीको छोरीसित विवाह गर्नु वर्जित गरेको छ, र यस बाहेक जुनसुकै महिलासित पनि विवाह गर्न सकिन्छ । यसर्थ यिनीहरू छोराको छोरीसित छोरीको छोरी, भाइको छोराहरूको छोरी, र छोरीको छोराहरूको छोरीसित विवाह गर्नुलाई जायज ठान्दछन् ।

र यिनीहरूको भनाई छ कि : सूरतु यूसुफ सूरत होइन बरु त्यो कथा हो, तर यस्तो भन्नु नास्तिकता हो, तसर्थ यिनीहरूसित बाँच्नु र सावधान रहनु अति आवश्यक छ । ( अल् बुरहान पे. २४ )

१३- **अल् कअ्दीयह वा अल् कअ्दी :** र यी ती मानिसहरू हुन् जुन युद्ध गर्नुलाई जायज मान्दैनन् बरु हाकिमको अत्याचारमाथि आफ्नो क्षमतानुसार विरोध गर्नुमा विश्वास राख्दछन्, तै पनि समूहबाट निष्कासित हुनुलाई राम्रो र उत्तम मान्दछन् । र यिनीलाई कअ्दह यस कारण भनियो किनकि यिनीहरू निष्कासित हुनुलाई राम्रो मान्दछन् र लडाईबाट बसिराख्दछन् ।

र यसको कारण यो पनि वर्णित गरिएको छ कि यिनीहरू हजरत अलीको सहायतामा बसिराखेका थिए यसै कारण यिनीलाई कअदह भनियो । ( यसको विस्तृत विवरण हेर्नुहोस्: मकालातुल् इस्लामीयीनमा लेखक: अबुल् हसन अश्अरी १/१७४, १८४, र अल् फरक बैनल् फेरक लिल् बगदादी पे. ५२, ६१, र अल् मेलल् वन्नेहल लिश्शहरिस्तानी १/११०, १३४, १७४ र ईमानुल् अवसत ले शैखुल् इस्लाम इब्ने तैमिया पे. ३१९-३२१, र देरासतु अनिल् फेरक फि तारीखिल मुसलेमीन पे. ५२-६८ )

१४- **अल् मुफज्जलह :** यिनीहरूको बारेमा इमाम सकसकी रहेमहुल्लाहले भनेका छन्: र यिनी मुफज्जलका अनुयायीहरू हुन् जुनकि उनीहरूको धर्मगुरु र किताबहरूको रचयता थियो, यो व्यक्ति र यसका अनुयायीहरूको यो धारणा छ कि जसले आफ्नो जिब्रोले लाइलाहा इल्लल्लाह भन्यो चाहे हृदयले त्यो यो मानोस् कि पूज्य त मसीह अथवा मूर्ति नै हुन् तै पनि त्यो मुस्लिम भयो । र यस्तै यिनीहरू भन्छन्: कि यदि कसैले मुहम्मदुर्रसूलुल्लाह भन्यो र हृदयले मुहम्मद बाहेक कुनै आर्को मानिस अथवा जीवित व्यक्तिको नीयत गर्‍यो भने त्यो पनि मुसलमान भयो र त्यसलाई यस्तो मान्नु कुनै हानि पुर्‍याउँदैन ।

र यस व्यक्तिको भनाई छ कि: समस्त सुकर्म ईमान हो, र प्रत्येक कुकर्म चाहे त्यसलाई क्षमा गरिएको होस् वा नगरिएको होस् सबै कुफ्र र शिर्क हुन् ।

र यिनीहरूको यो पनि भनाई छ कि : यदि अल्लाहले त्यसको कारण तिनीहरूलाई यातना देओस् भने त्यो अत्याचारी हुँदैन किनकि अल्लाहको भनाई छ :

﴿ لَا يَصْلَىٰهَآ إِلَّا ٱلْأَشْقَى ﴿١٥﴾ ﴾ الليل: ١٥

अर्थ : जसमा मात्र त्यही पर्नेछ जो साह्रै नै अभागा हुनेछ । ( सूरतुल लैल १५ )

र यी समस्त धारणाहरू असत्यमा निर्भर छन् । ( अल् बुरहान पे. २४ )

१५- **अस्सआलबह :** यिनीहरूको बारेमा सकसकी रहेमहुल्लाहले भनेका छन्: यिनीहरू सआलबहका अनुशरणकारीहरू हुन् जुन यस कथनमा विचित्र ठानियो कि यदि कुनै भाँडामा पानी छ र त्यसमा एक थोपा मदिरा खस्यो, अनि त्यसलाई कुनै मानिसले पियो भने त्यसले कुफ्र गर्‍यो चाहे त्यसलाई मदिराको थोपाको खस्ने कुराको बारेमा ज्ञान रहेको होस् वा नरहेको होस्, किनकि यदि मान्छे ईमान र आस्थावाला

छ भने अल्लाह त्यसलाई त्यसको सेवनबाट जसरी पनि बचाइहाल्छ । र यो पनि भनिएको छ कि यो ग्रुप सफारीयह समूह मध्येको हो । (अल् बुरहान पे. २६ )

१६- **अल्अवानीयह :** यिनीहरूको बारेमा इमाम सकसकीको भनाई छ कि : यिनीहरू इब्ने औनका अनुयायीहरू हुन् जुन यिनीहरूको धर्मगुरु र पुस्तकहरूको लेखक थियो, र यो व्यक्ति र यसका साथीहरू यस कुरामा अलग भए कि यदि कुनै पनि राष्ट्रमा चाहे त्यो चीन भ्कैं टाढा किन नहोस् यदि त्यसको हाकिम कुनै पनि अत्याचारी हुकुम जारी गर्छ भने त्यसै बेला त्यो र त्यसका समस्त जनताहरू काफिर भइहाल्छन् चाहे तिनीहरू त्यस अत्याचारलाई हराम किन नठानुन् । त यस कथनको असत्यता प्रष्ट छ जुन कुनै प्रमाण चाहँदैन । ( अल् बुरहान पे. २६ )

अन्त्यमा म अल्लाहसित यो याचना गर्दछु कि अल्लाह हामी सबैलाई यस्ताखालका उपद्रवीहरूबाट सुरक्षित राखुन् ( आमीन )

र अल्लाह नै सुअवसर प्रदान गर्नेवाला छ, र अल्लाहको प्रशान्ति अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथी र अनुयायीहरूमाथि ।

**समाप्त**

**अनुवादक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

IslamHouse.com